# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ५ सङ्ख्या : ३ मिति : साउन १०, २०७९**

## भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

### एम्बुलेन्स तथा शव वाहन सेवा सञ्चालन निर्देशिका, २०७९

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९ असार १७ गते**

उर्लाबारी नगरपालिका

**प्रस्तावनाः**

आम नागरीकहरुलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्याउनका लागि एम्बुलेन्स तथा शव वाहन सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न साथै उर्लाबारी नगरपालिका क्षेत्रमा बसोबास गर्ने नागरिकहरुलाई आफ्नो रितीअनुसार मृत्यु संस्कार पुरा गर्न सहयोग पुर्याउने गरी नगर क्षेत्रमा निशुल्करुपमा शव वाहन सेवा उपलब्ध गराउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी उर्लाबारी नगर कार्यपालिकाले देहायको निर्देशिका जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यो निर्देशिकाको नाम " एम्बुलेन्स तथा शव वाहन सेवा सञ्चालन निर्देशिका, २०७९ " रहेको छ ।

(ख) यो निर्देशिका नगर कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मिति बाट प्रारम्भ हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

उर्लाबारी नगरपालिका

(क) " एम्बुलेन्स " भन्नाले बिरामी ओसार्ने स्विकृति प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) " शव वाहन " भन्नाले उर्लाबारी नगरपालिका क्षेत्रभित्रका मृतकहरुलाई दाहसंस्कार गर्ने स्थलसम्म पुर्याउन प्रयोग गरिने साधनलाई सम्झनु पर्छ ।

(ग) " चालक " भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ । सो शब्दले शव वाहन चलाउने चालक समेत लाई जनाउँछ ।

(घ) " नगरपालिका " भन्नाले उर्लाबारी नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) " कार्यपालिका " भन्नाले उर्लाबारी नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(च) " सेवा शुल्क " भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी दफा ५ को उपदफा (१), (२) र (३) अनुसार लिइने शुल्क सम्झनु पर्छ ।

(छ) " समिति " भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(ज) " सेवा " भन्नाले एम्बुलेन्स तथा शव वाहनले दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

(झ) " नगरपालिकाद्वारा संचालित एम्बुलेन्स " भन्नाले आमनागरीकको सेवामा सर्वसुलभ पहुँच पुर्याउनका लागि उर्लाबारी नगरपालिकाद्वारा संचालित एम्वुलेन्स सेवालाई जनाउँछ ।

(ञ) " संघसंस्थाद्वारा संचालित एम्बुलेन्स " भन्नाले उर्लाबारी नगर क्षेत्र भित्र रहेका विभिन्न संघसंस्थाहरु, प्रतिष्ठान, सहकारी आदिले संचालन स्वीकृति

उर्लाबारी नगरपालिका

प्राप्त गरी संचालित एम्बुलेन्स सेवालाई जनाउँछ, सो शब्दले अस्पताल, क्लिनिक तथा नर्सिङहोम लगायतका स्वास्थ्य संस्थाहरुले संचालन स्वीकृति लिई संचालन गरेको एम्बुलेन्स सेवा समेतलाई जनाउँछ ।

## परिच्छेद-२

## एम्बुलेन्स सेवा

### ३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति

(१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक नगर एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) उप प्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) उर्लाबारी नगर कार्यपालिका सदस्यहरु मध्ये कम्तिमा एकजना महिला पर्ने गरी नगरकार्यपालिकाबाट मनोनित दुई जना - सदस्य

(घ) नगर रेडक्रस सोसाईटी, उर्लाबारी, एक जना प्रतिनिधि- सदस्य

(ङ) स्वास्थ्य संस्था प्रमुखहरु मध्ये कार्यपालिकाबाट मनोनित एक जना - सदस्य

(च) संघसंस्थाद्वारा संचालित एम्बुलेन्स सेवा संचालक प्रतिनिधिहरु मध्ये नगरकार्यपालिकाद्वारा मनोनित दुई जना - सदस्य

(छ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

उर्लाबारी नगरपालिका

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## ४. समितिको काम, कर्तव्य र अधिकार

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस निर्देशिका अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । भाडा दरलाई आवश्यकता अनुसार पुनरावलोकन गर्ने ।

(च) सरोकारवाला तथा अन्य सङ्घहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

(छ) संघसंस्था बाट संचालित एम्बुलेन्सको सुचि तयार गर्ने । नियम बिपरीत संचालनमा रहेका एम्बुलेन्सहरुलाई नगरपालिका क्षेत्र भित्र संचालनमा रोक लगाउने ।

उर्लाबारी नगरपालिका

(ज) नगरपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(झ) नगपालिकाद्धारा संचालित एम्बुलेन्स चालकले तोकीए बमोजिमको सेवा शुल्क लिई बैक कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

## ५. सेवा शुल्क सम्बन्धी व्यवस्था

(१) नगरपालिकाद्वारा संचालित एम्बुलेन्स सेवा र संघसंस्था द्धारा संचालित एम्बुलेन्स सेवा प्रयोग गरे बापत सम्बन्धित सेवाग्राहीले दफा (४) को उपदफा (घ) अनुसार निर्धारण भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) दफा (४) को उपदफा (घ) बमोजिम निर्धारण भएको सेवा शुल्कमा नगपालिकाद्वारा संचालित एम्बुलेन्स सेवा प्रयोग गर्दा उर्लाबारी नगरपालिकामा स्थायी बसोबास भएका नागरीकहरुलाई २० प्रतिशत छुट प्रदान गरीने छ ।

(३) दफा (४) को उपदफा (घ) बमोजिम निर्धारण भएको सेवा शुल्कमा उर्लाबारी नगरपालिकामा स्थायी बसोबास भएका अतिविपन्न नागरिकहरुलाई वडा कार्यालयको सिफारिसमा दफा (३) बमोजिमको



उर्लाबारी नगरपालिका

समितिको संयोजकबाट संघसंस्थाद्वारा संचालित एम्बुलेन्सले १० प्रतिशत र नगरपालिकाद्वारा संचालित एम्बुलेन्सले निःशुल्क सेवा प्रदान गरिनेछ ।

(४) यस निर्देशिकामा अन्यत्र जेसुकै लेखीएको भएतापनि यस नगरपालिकामा स्थायी बसोबास भएका गर्भवती तथा ४५ (पैतालिस) दिन भित्रका सुत्केरी आमाहरुलाई विशेष सेवा/उपचारको लागी अन्यत्र रेफर भई जानु परेमा दफा (३) बमोजिमको समितिको संयोजकको सिफारीसमा नगपालिकाद्वारा संचालित एम्बुलेन्सले ५० प्रतिशत छुट प्रदान गर्नुपर्ने छ ।

(५) उपदफा (३) र (४) प्रयोजनको लागी समितिको संयोजकले समितिको कुनै सदस्यलाई अख्तियारी प्रदान गर्न सक्नेछ ।

(६) उपदफा (३) र उपदफा (४) बमोजिम छुट दिएका नागरीकहरुको सुचि तथा छुट रकम दफा ३ बमोजिमको समितिमा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

(७) यस दफा विपरीत सेवा शुल्क लिई एम्बुलेन्स सेवा दिने एम्बुलेन्सलाई प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

(८) नगपालिकाद्वारा संचालित एम्बुलेन्स सेवा बापत उठेको रकम नगरपालिकाले एक अलग बैक खाता / कोष खडा गरी त्यसमा जम्मा गर्नेछ ।

(९) नगपालिकाद्वारा संचालित एम्बुलेन्स सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि नगरपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख / नियन्त्रण खाता नगरपालिकामा राखिनेछ ।

(१०) नगपालिकाद्वारा संचालित एम्बुलेन्स सेवा दिएबापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(११) नगपालिकाद्वारा संचालित एम्बुलेन्स कोषको रकम कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइनेछ । कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

## ६. चालकको नियुक्ती र सेवा सुविधा

(१) नगपालिकाद्वारा संचालित एम्बुलेन्स सेवा संचालनका लागि नगर कार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

(२) उपदाफा (१) बमोजिम नियुक्ति पाएको चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदाफा (१) बमोजिम नियुक्ति पाएका चालकको रु. ५ (पाँच) लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट वेहोरिने छ ।

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (१) बमोजिम हुनेछ ।

इर्लाबारी नगरपालिका

**७. विविध**

(१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (२) बमोजिम हुनेछ ।

(२) नगपालिकाद्वारा संचालित एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस निर्देशिकामा आवश्यकता अनुसार संसोधन र हेरफेर विद्यायन समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

## परिच्छेद-३
## शव वाहन सेवा

**८. शव वाहन सेवा सञ्चालन तथा व्यवस्थापनः** (१) शव वाहन उपलब्ध गराउने सम्बन्धमाः

(क) प्रयोग नभई शव वाहन खाली रहेको बेला नगरपालिकामा बसोबास गर्ने व्यक्ति र परिवारबाट शव वाहन माग भएमा First Come, First Serve को आधारमा नगरपालिकाले नगरक्षेत्र भित्रका विपन्न वर्ग र अप्राकृतिक मृत्युमा निशुल्क उपलब्ध गराउनेछ । अन्यको हकमा र उर्लाबारी नगरक्षेत्र बाहिर लगिएको खण्डमा शूल्क लिने । शूल्क निर्धारण सम्बन्धी व्यवस्था शव वाहन सेवा सञ्चालन तथा व्यवस्थापन समितिले गर्नेछ ।

उर्लाबारी नगरपालिका

(ख) शव वाहन माग गर्नको लागि उर्लाबारी नगर कार्यपालिका अन्तरगत शव वाहन सेवाको लागि उपलब्ध हुने नम्बरमा फोन गर्नु पर्नेछ ।

(ग) कार्यालयले उपलब्ध गराउने शव वाहन सञ्चालनको तोकिएको ढाँचा बमोजिमको अपरेशन लगसिट तोकिएको अधिकारीले प्रमाणित गरी सम्बन्धित चालकलाई उपलब्ध गराउनु पर्नेछ । चालकले पनि सोही लगसिटमा उपकरण सञ्चालन सम्बन्धी अभिलेख राख्नु पर्नेछ ।

(घ) शव वाहन प्रयोग गर्दा साइटसम्म लैजाने र काम समाप्त भए पश्चात सुरक्षित तवरले कार्यालयमा फिर्ता बुझाउने सम्पूर्ण जिम्मेवारी सम्बन्धित प्रयोगकर्ता र चालकको हुनेछ ।

(ङ) शव वाहन प्रयोग गर्दा तोकिएको स्थानमा भन्दा अन्य क्षेत्रमा लैजान पाईने छैन । पछि कुनै कारणबस क्षेत्र बदल्नु परेमा कार्यालयसँग स्वीकृति माग गर्नु पर्नेछ ।

(च) शव वाहन प्रयोग भैरहेको अवस्थामा बिग्रन गई मर्मत गर्नुपर्ने भएमा कार्यालयको नियमानुसार गर्नु पर्नेछ ।

(छ) शव वाहन प्रयोग गर्दा उक्त उपकरण कार्यालयबाट बाहिर निस्केको र कार्यालयमा फिर्ता भएको मिति र समय जनाई सम्बन्धित चालकको दस्तखत गराई तोकिएको अधिकारीबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

उर्लाबारी नगरपालिका

(ज) शव वाहन प्रयोग भई फिर्ता भएपछि सम्बन्धित चालकले उक्त उपकरण सञ्चालन भएको विवरण सहितको अपरेसन लगसीट कार्यालयमा बुझाउनु पर्नेछ ।

**९. शव वाहन सेवा सञ्चालन तथा व्यवस्थापन समितिः**

(१) शव वाहनको व्यवस्थित, विश्वसनीय र प्रभावकारी प्रयोगको व्यवस्था मिलाउन तपसिल बमोजिमको समिति रहनेछः

| | |
|---|---|
| (क) उप-प्रमुख | - संयोजक |
| (ख) सामाजिक विकास समिति संयोजक | - सदस्य |
| (ग) विपद् व्यवस्थापन समितिको संयोजक | - सदस्य |
| (घ) आपतकालिन कार्यसञ्चालन केन्द्र प्रमुख | - सदस्य |
| (ङ) स्वास्थ्य शाखा प्रमुख | - सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।समितिले बैठकमा आवश्यक ठानेका अन्य प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

**१०. समितिको काम, कर्तव्य र अधिकार**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) शव वाहन सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।



उर्लाबारी नगरपालिका

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस निर्देशिका अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) शव वाहन सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**११. गलत सूचना दिने व्यक्तिलाई हुने सजायः** (१) शव वाहन सेवा आवश्यक भयो भनी गलत सूचना दिने व्यक्ति र शव वाहन सञ्चालन तथा व्यवस्थापन कार्यमा अवरोध पुर्याउने व्यक्तिलाई कानून अनुसार कारवाही गरिनेछ ।

**१२. समिक्षा एवम् प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्थाः** (१) समितिले शव वाहन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी क्रियाकपलाहरुको समिक्षा गरी नगरपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१३. खारेजी र बचाउः** (१) यस निर्देशिकामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

उर्लाबारी नगरपालिका

अनुसूची १

(निर्देशिकाको दफा ६ को उपदफा (४) सँग सम्बन्धीत)

**एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता**

१. एम्बुलेन्स तथा शव वाहन सेवा सञ्चालन निर्देशिका, २०७९ लाई पूर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र

पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,

१०· अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुर्याउनु पर्ने,

११· आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१२· नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

उर्लाबारी नगरपालिका

म ....................................... (नाम) ....................................... ................................. ठेगाना .................................. ना.प्र.प.नं. ...................................... जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. .......................................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । उर्लाबारी नगरपालिका, मोरङको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| | |
|---|---|
| चालकको | प्रमाणित गर्ने व्यक्तिको |
| दस्तखत | दस्तखत |
| मिति | नाम / पद |

कार्यालयको छाप

मिति

उर्लाबारी नगरपालिका

# अनुसूची २

(निर्देशिकाको दफा ७ को उपदफा (१) सँग सम्बन्धीत)

ग वर्गको (Common Life Support (CLS)) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरणः

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Flow Meter / Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- Iv / Injection दिन सक्ने व्यवस्था,
- stetcher Cum Board,
- sthoscope, B.P. Apparatus, Toarchlight,
- Driver With basic training in first aid and emergent medicine.

आज्ञाले,
अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

*मूल्य रु. १०।-*

उर्लाबारी नगरपालिका